# श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेड

(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)
का. म. न. पा. वडा नं. ४, काठमाण्डौं
फोन नं. ४-३७३०३०, ४-३७२८२८, फ्याक्स नं. ४०१५७९९
Website: www.swetgangahydropower.com | Email: sghcl@sanimahydro.com


# छैठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९/०९/०८)

**श्री शेयरधनी महानुभावहरु,**
यस श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेडको मिति २०७९ साल पौष ६ गते बसेको सञ्चालक समतिको बैठकको निर्णयानुसार यस कम्पनीको छैठौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान** :

**मिति** : २०७९ साल पौष २९ गते (तदनुसार १३ जनवरी, २०२३), शुक्रबार ।

**समय** : बिहान ११:०० बजे ।

**स्थान** : कुण्डलिनी दरवार व्याङ्क्वेट प्रा. लि. चण्डोल, काठमाण्डौ ।

**छलफलका विषयहरु** :
**वार्षिक साधारण सभाका प्रस्तावहरु**:

**(क) साधारण प्रस्तावहरु**

१. कम्पनीको सञ्चालक समितिबाट प्रस्तुत गरिएको छैठौं वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२. कम्पनीको आ. व. ०७८/०७९ को लेखापरीक्षण प्रतिवेदन सहित २०७९ मसान्तसम्मको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण, तत् सम्बन्धी अनुसूचीहरु छलफल गरी पारित गर्ने ।
३. आ. व. ०७९/०८० को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने ।
४. कम्पनीको नियमावलीको व्यवस्था बमोजिम सर्वसाधारण शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालक नियुक्ति/निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्तावहरु**

१. कम्पनीको पँजीगत संरचना र सञ्चालक समितिको संरचनामा परिवर्तन गर्नका लागि कम्पनीको प्रबन्धपत्रको दफा ६ को (घ) र (च) तथा दफा ८ को (क) तथा नियमावलीको नियम ३१ को (१) मा संशोधन गर्ने ।
२. थप बैंक कर्जा सुविधा लिने तथा कर्जा सम्झौता गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।
३. प्रबन्धपत्रको दफा तथा नियमावलीको नियम संशोधन अभिलेखका सम्बन्धमा कम्पनीको तर्फबाट गर्नु पर्ने आवश्यक कार्यहरु गर्न तथा यस सम्बन्धमा सम्बन्धित निकायको निर्देशन बमोजिम फेरबदल वा अन्य आवश्यक कार्यहरु गर्न गराउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध**

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**वार्षिक साधारणसभा सम्बन्धी सामान्य जानकारीहरु** :

१. वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन बिहान १० बजे देखि सभा सञ्चालन रहेसम्म खुल्ला रहने छ ।
२. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण कागज तथा हितग्राही खाता खोलि शेयर अभौतिकिकरण गरिएको विवरण देखिने **DEMAT Account Statement** वा शेयर प्रमाणपत्र साथमा लिई आउनु हुन अनुरोध छ, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन ।
३. सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि कम्पनीको संक्षिप्त आर्थिक विवरण यसै साथ प्रकाशित गरिएको छ । आर्थिक विवरण लगायतका वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु तथा साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको **website : www.swetgangahydropower.com** मा पनि हेर्न सक्नु हुनेछ ।
४. सभामा आफु उपस्थित नभई प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको केन्द्रीय कार्यालय धुम्वाराही, काठमाण्डौमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ । सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै मुकरर गर्ने भएमा सोको लिखित सूचना सोही अवधि भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गरिसक्नु पर्ने छ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु पर्नेछ ।
५. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीको शेयर लगत कितावमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरीद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले र कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नु हुनेछ ।
६. छलफलका विषय सूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धी प्रस्ताव कारण सहित उल्लेख गरी कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ । तर त्यसलाई पारित गरिनु पर्ने प्रस्तावको रुपमा राखिने छैन ।
७. शान्ति सुरक्षाका कारण साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई यथाशक्य झोला, व्याग नल्याउनु हुन अनुरोध छ । सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले शेयरधनी महानुभावहरु लगायत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला, व्याग र शरीर जाँच गर्न सक्नेछन् ।
८. वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०७९/०९/१४ गते एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७९/०९/१३ गते सम्म कारोबार भई, शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिन योग्य हुनेछन् ।

**नोट : अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको केन्द्रीय कार्यालय का.म.न.पा. वडा नं. ४ धुम्वाराही, काठमाण्डौ वा फोन नं. ०१-४३७३०३०, ०१-४३७२८२८ मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।**

---

## श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेडको आ. व. २०७८/०७९ को संक्षिप्त आर्थिक विवरण

**कम्पनी ऐन, २०६३ को दफा ८४(४) प्रयोजन निमित्त प्रकाशित विवरण संक्षिप्त आर्थिक विवरण कम्पनीको आर्थिक विवरण र सञ्चालकको प्रतिवेदनको संक्षिप्त विवरणको रुपमा रहेको छ ।**

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेडको छैठौं वार्षिक साधारण सभाको प्रायोजनार्थ आ.व. २०७८/०७९ को वासलात, नाफा-नोक्सान हिसाव लगायत कम्पनीको कारोवारको जानकारीका लागि निम्नानुसार रहेको यस संक्षिप्त आर्थिक विवरण मार्फत जानकारी गराउँदछौं । कम्पनीले नेपाल लेखामान बोर्ड **(NASB)** को निर्देशन बमोजिम आर्थिक वर्ष २०७८/०७९ को नेपाल वित्तिय प्रतिवेदन मापदण्ड **(Nepal Financial Reporting Standards–NFRS)** अनुसार वित्तिय विवरण तयार गरि सोहि बमोजिमको संक्षिप्त विवरण यहाँहरुको जानकारीका लागि यसै साथ प्रकाशित गरिएको छ ।

**आ.व. २०७८/०७९ को कारोबारको सिंहावलोकन**

आ. व. ०७८/०७९ मा यस कम्पनीद्वारा प्रबर्द्धित 'तल्लो लिखु जलविद्युत आयोजना (२८.१ मे. वा.)' को प्रगति भौतिक संरचनाहरुको निर्माण कार्यमा नै केन्द्रित रहेको छ । आ. व. ०७८/०७९ मा आयोजना निर्माणकै क्रममा रहेकोले कम्पनीको आर्थिक कारोबार पनि मुलत: खर्चमा नै केन्द्रित रहेको छ । प्रस्तुत वर्षको कम्पनीको आर्थिक कारोबारको संक्षिप्त झलक तपशिल बमोजिम प्रस्तुत गरिएको छ ।

## नेपाल वित्तिय प्रतिवेदन मापदण्ड अनुसारको वित्तिय विवरण

*Figure in NPR*

**BALANCE SHEET**

| Particulars | 32 Ashad 2079 | 31 Ashad 2078 (Restated) |
|---|---|---|
| **Assets** | | |
| **Non-Current Assets** | | |
| Property, Plant & Equipment | 19,940,061 | 24,338,182 |
| Intangible Assets | 5,882,267,781 | 4,161,809,699 |
| Deferred Tax Assets | 5,583,180 | 1,441,682 |
| **Total Non-Current Assets** | **5,907,791,022** | **4,187,589,563** |
| **Current Assets** | | |
| Advance and Receivables | 126,553,377 | 240,690,134 |
| Other Current Assets | 1,905,500 | 2,231,127 |
| Cash and cash equivalents | 27,024,955 | 1,569,477 |
| Current tax assets | 3,651,698 | 3,560,991 |
| **Total Current Assets** | **159,135,530** | **248,051,729** |
| **Total Assets** | **6,066,926,552** | **4,435,641,292** |
| Equity | | |
| Share Capital | 1,365,997,500 | 700,030,700 |
| Other Equity | | |
| Other Reserves | 954,237 | 258,876 |
| Retained Earnings | (107,613,861) | (69,717,500) |
| **Total Equity** | **1,259,337,876** | **630,572,076** |
| **Liabilities** | | |
| **Non-Current Liabilities** | | |
| **Financial Liabilities** | | |
| Non-current Borrowings | 4,249,620,188 | 2,863,843,593 |
| Non-current Other Financial Liabilities | 363,768,102 | 303,099,204 |
| Provisions | 1,501,602 | 1,545,162 |
| **Total Non-Current Liabilities** | **4,614,889,892** | **3,168,487,959** |
| **Current Liabilities** | | |
| **Other Financial Liabilties** | | |
| Current Borrowings | 169,850,998 | 270,747,222 |
| Current Other Financial Liabilities | 19,917,270 | 363,767,738 |
| Current Other Liabilities | 2,930,516 | 2,066,296 |
| **Total Current Liabilities** | **192,698,784** | **636,581,257** |
| **Total Liabilities** | **4,807,588,676** | **3,805,069,216** |
| **Total Liabilities and Equity** | **6,066,926,552** | **4,435,641,292** |

**STATEMENT OF PROFIT OR LOSS**

| Particulars | FY 2078-79 | FY 2077-78 (Restated) |
|---|---|---|
| Revenue | 1,720,461,472 | 2,044,165,009 |
| Cost Of Sales | (1,720,461,472) | (2,044,165,009) |
| Gross profit | - | - |
| **Other Income** | **2,632,056** | - |
| Administrative and other operating expenses | (27,244,925) | (22,550,882) |
| **Profit/(Loss) from Operation** | **(24,612,869)** | **(22,550,882)** |
| Finance Income | 842,188 | 63,041 |
| Finance costs | - | - |
| Foreign exchange gain/(loss) | (14,615,285) | (6,019,665) |
| **Profit/(Loss) before tax** | **(38,385,966)** | **(28,507,506)** |
| Income tax (expenses)/Income | 4,338,021 | 1,364,845 |
| **Profit/(Loss) For the Year** | **(34,047,945)** | **(27,142,660)** |
| Earnings per equity share of Rs. 100 each | | |
| Basic Earnings Per Share | (2.94) | (4.68) |
| Diluted Earnings Per Share | (2.94) | (4.68) |

**STATEMENT OF CASH FLOW**

| Particulars | FY 2078-79 | FY 2077-78 (Restated) |
|---|---|---|
| Cash Flow from Operating Activities | | |
| Net Profit | (34,047,945) | (27,142,660) |
| Prior Period adjustment | 772,818 | |
| Adjustment for: | | |
| Amortisation | 3,390 | 3,390 |
| Depreciation | 5,160,182 | 5,377,190 |
| Operating Lease | 38,192 | 86,178 |
| Leave Provision | 927,148 | (576,274) |
| Interest expense | - | - |
| Income Tax Income | (4,373,285) | (1,364,845) |
| **Cash Flow from Operating Activities Before Changes in Working Capital** | **(31,519,499)** | **(23,617,022)** |
| Cash Flow from Changes in Working Capital | | |
| (Increase)/ Decrease in Current Assets | 114,371,677 | 212,834,213 |
| Increase/(Decrease) in Current Liabilities | (33,337,965) | 462,920,309 |
| **Cash Flow from Operating Activities** | **49,514,212** | **652,137,500** |
| **Cash Flow from Investing Activities** | | |
| (Increase)/Decrease in Intangible Assets | (1,720,461,472) | (2,044,165,009) |
| Capitalisation/Purchase of Fixed Assets | (762,061) | (7,812,030) |
| **Cash Flow on Investing Activities** | **(1,721,223,533)** | **(2,051,977,039)** |
| **Cash Flow from Financial Activities** | | |
| Increase/(Decrease) in Borrowings | 1,385,776,594 | 1,366,487,201 |
| Issuance of Share Capital | 665,966,800 | 160,000,000 |
| Advance to Equity & Receivables | (349,957,362) | (128,283,200) |
| Share Issue Expenses | (4,621,235) | - |
| **Cash Flow from Financial Activities** | **1,697,164,798** | **1,398,204,001** |
| **Total Cash Generated** | **25,455,477** | **(1,635,538)** |
| Opening Cash and Bank Balances | 1,569,477 | 3,205,015 |
| **Cash and cash equivalent at the end of the Period** | **27,024,955** | **1,569,477** |